# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम)
## कर्णालीप्रदेश, नेपाल

सम्पर्क नं.
९८४८१२२८१७
९७४८५८३१३८

नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्याः२०७६/०७७

चलानी नंम्वरः २४२२

मितिः२०७७/०३/०३

विषयः विवरण उपलब्ध गराईदिने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सवै, (१-१४)
आठविसकोट नगरपालिका, रुकुम (पश्चिम) ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आ.व.२०७६/०७७, च.नं. ४५१ मिति २०७७/०३/०१ गतेको प्राप्त पत्रानुसार भूमिसम्बन्धि समस्या समाधान आयोगको पत्र यसै पत्रसाथ संलग्न गरि पठाईएको छ । सोहि अनुसार विवरण संकलन गरी पठाईदिनु हुन आदेशानुसार अनुरोध छ ।

.................................

ध्रुव प्रसाद लम्साल
नि.प्रमुख प्रशासकीय अधिकृत

ध्रुव प्रसाद लम्साल
नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# भूमिसम्बन्धि समस्या समाधान आयोग

फोनः

पत्र संख्याः- ०७६/७७
चलानी नं. :- २९

मिति : २०७७।२।३२

## विषय : विवरण उपलव्ध गराईदिन हुन पुन स्मरण गराईएको वारे ।

श्री प्रमुख तथा अध्यक्षज्यू,
सवै (७५३) स्थानीय तह ।

प्रस्तुत विषयमा यस आयोगको अनुरोधमा विवरण उपलव्ध गराईदिन हुन भनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको प.स. ०७६।७७ च.न. ४१० मिति २०७७।१।२६ पत्र प्राप्त गर्नु भएकै छ ।सो पत्र सघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको website मा मिति २०७७।१।२६ मा upload भएको छ ।साथै यस आयोगको प.स. ०६७।७७ चनं १२ मिति २०७७।२।१५ मा त्यस पालिका भित्र रहेका भूमिहीन एवं अव्यवस्थित वसोवासी व्यवस्थापनका लागि आगामी आ.व. ०७७।७८ मा आवश्यक वजेट व्यवस्था गर्न अनुरोध गरिएको पत्र सम्वन्धित पालिकाको email मा पठाईएको छ । माथी उल्लेखित दुवै पत्र र संलग्न ढाँचा आयोगको website www.lirc.gov.np मा समेत उपलव्ध छ ।

नेपाल सरकारको आगामी आ.व. ०७७।७८ वजेट वक्तव्यको वुदा नं १०६ मा भूमि सम्वन्धी समस्या समाधान गर्न आयोग मार्फत आगामी आर्थिक वर्ष सुकुम्वासी व्ययवस्थापन तथा अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्न १०० स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिनेछ भनि उल्लेखित छ । ।तसर्थ आयोगवाट आगामी आ.व. ०७७।७८ मा भूमिहीन र अव्यवस्थित वसोवासी समस्या समाधान गर्न पालिका छनौटका लागि उल्लेखित पत्रवाट माग भए वमोजिमको ढाँचामा भूमिहीन र अव्यवस्थित वसोवासीको विवरण प्राप्त हुन जरूरी देखिएकोले मिति २०७७ असार २० गते भीत्रमा विवरण पठाई सहयोग गरीदिनहुन पुन स्मरण गराउन चाहान्छु ।

देविप्रसाद ज्ञवाली
अध्यक्ष

भूमि सम्बन्धी समस्या समाधान आयोग काठमाडौं

भूमि सम्बन्धी समस्या समाधान आयोग,२०७६

भूमिहीन दलित,भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको विवरण

| प्रदेश | | जिल्ला | | गाउँपालिका/नगरपालिका | |
|---|---|---|---|---|---|

| वडा | जम्मा परिवार | भूमिहीन दलित परिवार | भूमिहीन सुकुम्वासी परिवार | अव्यवस्थित वसोवास परिवार | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

आवस्यकता अनुसार कोठा थप्न सक्नुहुन्छ ।

भूमि सम्बन्धी समस्या समाधान आयोग काठमाडौं

गाउँपालिका/नगरपालिकामा भएका भूमि सम्बन्धी समस्याहरुः

समस्या भए तलको कोठामा (√) लगाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| गुठी | | मोही बाँडफाँड | |
| विर्ता | | गाउँब्लक | |
| स्ववासी | | हदबन्दी भन्दा बढि जग्गा भएको | |
| बेनिस्सा | | अन्य (खुलाउने)...................... | |

"भूमिहीन सुकुम्बासी" भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ।

(भूमि सम्बन्धी ऐनको आठौं संशोधन, २०७६)

"अव्यवस्थित बसोबासी" भन्नाले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरी घर, टहरा बनाई बसोबास गरेका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ।

(भूमि सम्बन्धी ऐनको आठौं संशोधन, २०७६)